सैनामैना नगरपालिका

# स्थानीय राजपत्र

खण्ड २) सैनामैना, भदौ महिना १८ गते २०७५ साल (संख्या ६

## भाग : २
## सैनामैना नगरपालिका

सैनामैना नगरपालिकाबाट स्वीकृत कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको

### सैनामैना नगरपालिकाको फोहोरमैला व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०७५

**प्रस्तावना :** सैनामैना नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि संशोधन गर्न वाञ्छनीय भएकाले  सैनामैना नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्तनाम र प्रारम्भ** :

(१) यस कार्यविधिको नाम “सैनामैना नगरपालिकाको फोहोरमैला व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०७५” रहेको छ ।

(२) यो कार्यविधि सम्वत् २०७५ मंसिर १ गते देखि प्रारम्भ हुनेछ ।

२. **सैनामैना नगरपालिकाको फोहोरमैला व्यवस्थपन कार्यविधि, २०७४ को दफा ६ मा संशोधन :**

सैनामैना नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०७४ को दफा ६ मा रहेको फाहोरमैला व्यवस्थापन गर्न नगरपालिकाले घरधनी तथा व्यवसायीहरु सँग प्रतिमहिना अनुसूची-१ माउल्लेख भए अनुसार उठाइने फोहोरमैला व्यवस्थापन सेवा शुल्कमा देहाय बमोजिम संशोधन गरिएको छ ।

| फोहरमैला व्यवस्थापन शुल्क विवरण | शुल्क दररेट रु. | | |
|---|---|---|---|
| | बजार क्षेत्र | बजार उन्मुख क्षेत्र | ग्रामीण क्षेत्र |
| आवास मात्र एक तल्ला सम्म | १०० | ५० | ३० |
| बहुतल्ला घरमाप्रति परिवार थप | ३० | २० | १० |
| उखु जुस पसल | २०० | १५० | १०० |
| व्युटीपार्लर सेवा | २०० | १५० | १०० |
| साईन बोर्ड आर्ट व्यवसाय | १५० | १०० | ८० |
| कुखुरा बधशाला | ५०० | ४०० | ३०० |
| हाटबजार नगरपालिका बाहेक अन्यले ठेक्का लगाएकोमा प्रति हाटबजार (हाटबजार ठेकेदार वा संस्था) | १००० | ८०० | ६०० |
| हाटबजार नगरपालिकाले ठेक्का लगाएको मा प्रति महिना (हाटबजार ठेकेदार वा संस्था) | १००० | ८०० | ६०० |

**३. सैनामैना नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०७४ को दफा ६ पछि देहाय बमोजिमको दफा ६ (क) थप गरिएको छ :**

"**६ (क) क्षेत्र बर्गीकरण :** नगरपालिकाले फोहोरमैला संकलन तथा व्यवस्थापन र सेवा शुल्क प्रयोजनको लागि अनुसूची-२ बमोजिम बजार क्षेत्र, बजार उन्मुख क्षेत्र र ग्रामिण क्षेत्र निर्धारण गर्नेछ ।"

## अनुसुची - २
## कार्यविधिको दफा ६ (क) सँग सम्बन्धित
## नगरपालिकाले फोहोरमैला संकलन तथा व्यवस्थापन र सेवा शुल्क प्रयोजनको लागि निर्धारण गरेको बजार क्षेत्र, बजार उन्मुख क्षेत्र र ग्रामिण क्षेत्र ।

| वडा नं. | बजार क्षेत्र | बजार उन्मुख क्षेत्र | ग्रामीण क्षेत्र |
|---|---|---|---|
| १ | (क) पूर्व पश्चिम लोक मार्गको उत्तर तर्फ प्राकृतिक चकित्सालयको गेटद देखि रानीकुवा सडकमा मोहडा पर्ने उत्तर दक्षिणका घरहरु र सो सडक भन्दा दक्षिण तर्फ लोकमार्ग सम्मका सम्पूर्ण घरहरु । (ख) पूर्व पश्चिम लोक मार्ग भन्दा दक्षिण वडा नं. १ को मेजर सडकको सिमाना देखि वडा नं. २ को सिमा सम्मका मेजर सडकमा, उत्तर दक्षिण मोहडामा पर्ने सम्पूर्ण घरहरु र मेजर सडकदेखि उत्तर पूर्व पश्चिम लोकमार्ग सम्मको क्षेत्र । | (क) भक्तिपाण्डेको घर देखि आर्मी क्याम्पजाने चक्रपथको मोहडामा पर्ने सम्पूर्ण घरहरु र आर्मी क्याम्पको गेट देखि रानी कुवा जाने बाटोको मोहडामा पर्ने दाँया बाँयाका घरहरु । (ख) मेजर सडक देखि दक्षिण बोलबम सडक मोहडामा पर्ने सम्पूर्ण घरहरु को क्षेत्र । (ग) मेजर सडक देखि दक्षिण पर्रोहा प्रमेश्वर विद्यालय हुँदै हाटबजार चोक सम्म मुख्य सडक मोहडमा पर्ने दायाँ बायाँका घरहरु । | (क) बजार क्षेत्र र बजार उन्मुख क्षेत्र बाहेक का सबै क्षेत्र, ग्रामीण क्षेत्र । |
| २ | (क) पूर्व पश्चिम लोकमार्ग देखि उत्तर दक्षिणतर्फ २०० मि. सम्मको सम्पूर्ण क्षेत्र । (वडा नं. १ को सिमाना देखि वडा नं. ३ र ४ को सिमाना सम्मका) | (क) वडा नं. २ मा पर्ने चक्रपथ को दाँयाबाँया मोहडमा पर्ने सम्पूर्ण घरहरु र चक्रपथ देखि दक्षिणपूर्व पश्चिम लोकमार्गको २०० मि. भन्दा पछिको सम्पूर्ण क्षेत्र । (ख) मनकामना इटा भट्टा जाने सडकको २०० मि. देखि भित्र इटा भट्टा सम्मको क्षेत्र । | (क) बजार क्षेत्र र बजार उन्मुख क्षेत्र बाहेकका सबै क्षेत्र, ग्रामीण क्षेत्र । |
| ३ | (क) मुर्गिया देखि खकनपुर सम्म पर्ने क्षेत्रहरु | (क) घमाहा खोला पुल देखि उत्तर हुँदै जन ज्योति आधारभूत | (क) झिगामारे टोल, सुकौलीटोल, दरखासी खानेपानी |

| | | | |
|---|---|---|---|
| | (रामबस्तीटोल, नमुनाटोल, हाटबजार टोल, दुर्गा मन्दिर टोल, सुनगाभाटोल, पुप्पनगर टोल र पर्सावाल आदर्श टोल सवै ) | विद्यालय उत्तर कुलो सम्मको नर बहादुरको घर सम्म ।<br>(ख) दरखासी भुतैया देखि दरखासी चौपारी सम्म को क्षेत्र ।<br>(ग) खकनपुर पुल देखिउत्तर गंगापुर हुदै भैरवस्थान मन्दिर सम्म को क्षेत्र ।<br>(घ) गंगानगर पुल देखि उत्तर पूर्वी गंगानगर सिरानबाँध सम्मको क्षेत्र ।<br>(ङ) खानेपानीटंकी देखि गंगानगर जाने पुलसम्मको क्षेत्र । | टंकी पूर्व कमल वि.क. को घर सम्म को क्षेत्र ।<br>(ख) दरखासी न्युरोड जन ज्योति आधारभुत विद्यालय उत्तर कुलो देखि उत्तर दरखासी चौपारी सम्मको क्षेत्र ।<br>(ग) गंगानगर डाँडाटोल, पश्चिमको भैरवस्थान जाने सडक र पूर्वी गंगानगर गुप्तबहादुर टोल को क्षेत्र । |
| ४ | (क) अस्नैया डाँडा आमा समुहको भवनको सीधापूर्व पशिचम जाने बाटोको सिमाना सम्मको क्षेत्र ।<br>(ख) प्रगतिटोल देखि सिसौ डाँडा जोड्ने बाटोको सिमाना सता जि.सी. को घर देखि उत्तर सम्मको क्षेत्र ।<br>(ग) शान्तीटोल रिम बहादुर थापाको घरबाट लुम्विनी रोड भण्डारीको घर सम्म ।<br>(घ) लुम्बिनी रोड देखि चन्द्रकान्त भण्डारीको घर सम्म को क्षेत्र<br>(ङ) चन्द्रकान्त को घर देखि रिम बहादुर बस्नेतको घर सम्मझारवैरा सम्मको क्षेत्र ।<br>(च) झारबैराको न्यु एकेडेमी तर्फ जाने बाटो देखि उत्तर तर्फका सबै | (क) सिसौडाँडा देखि रन्यौरा जाने बाटो कापी उद्योग सम्म पूर्व पश्चिम टोलहरु सबै क्षेत्र ।<br>(ख) लुम्बिनी रोडमा पर्ने मोहडा भएका कुस्मा सम्म का सवै घरहरुको क्षेत्र ।<br>(ग) चन्द्रकान्तको घर देखि दक्षिण तर्फको क्षेत्र ।<br>(घ) न्यु एकेडेमी जाने बाटो देखि दक्षिण रन्यौरा सम्मको क्षेत्र । | (क) कर्वला र रन्यौरा गाँउ ।<br>(ख) लेड्वा र पटीया ।<br>(ग) लखनपारा र कुस्मा क्षेत्र ।<br>(घ) हडैया र भाटा क्षेत्र ।<br>(ङ) सरभद्रका सबै भित्री बस्ती । |

| | | | |
|---|---|---|---|
| | टोल । | | |
| ५ | (क) लोकमार्गबाट २०० मि. उत्तर मेजर रोड सम्म<br>(ख) लोकमार्ग २०० मि. दक्षिण सेरुवा चौधरी टोलको उत्तरको क्षेत्र । | (क) पूवपश्चिम लोकमार्ग को दक्षिण २०० मी. भन्दा अघि पिच बाटोमा मोहडा पर्ने उत्तर सेरुवा हुदै बक्सड स्कुलसम्म ।<br>(ख) उत्तर मौसम चोक देखि २०० मी. अघि पिच बाटोमा मोहडा पर्ने क्षेत्र ।<br>(ग) दक्षिण मौसम चोक देखि मालिकाटोल २०० मी. भन्दा अघि बाटोमा मोहडा पर्ने क्षेत्र ।<br>(घ) बुद्धनगर मेजररोड देखि उत्तर मलमला स्कुल सम्म को मोहडामा पर्ने क्षेत्र । | (क) वालपुर, दरखासी, गडवा, बड्का पत्थर, संकल्पटोल, दक्षिण सेरुवा, सुन्दर वस्ती, प्रगतीटोल, उत्तर दोगारा ,दक्षिण दोगारा, वक्सडडाँडा, वक्सडगाउँ र कर्मुहवा क्षेत्र । |
| ६ | (क) पूर्व पश्चिम लोकमार्ग को दक्षिण ५०० मी. सम्मको क्षेत्र<br>(ख) पूर्वपश्चिम लोकमार्ग को उत्तर मेजर सडकभित्र । | (क) कलौनी लुम्बिनी सडक ५०० मी. देखि सिमाना सम्म ।<br>(ख) देवीचोक बाट शेषकुमार को घर सम्म ।<br>(ग) रामापुर लौधापानी सडक क्षेत्र । | (क) बजार क्षेत्र र बजार उन्मुख क्षेत्र बाहेकको क्षेत्र ग्रामीण क्षेत्र |
| ७ | (क) बजार क्षेत्रनपर्ने । | (क) लुम्विनी रोड मोहडा पर्ने घर बजार र<br>(ख) आमीबजार क्षेत्र । | (क) बजार क्षेत्र र बजार उन्मुख क्षेत्र बाहेक को सबै क्षेत्र ग्रामीण क्षेत्र ।<br>(ख) रामबस्ती टोल र देवी टोल ।<br>(ग) शान्ती टोल र एकताटोल ।<br>(घ) बुद्ध चोक र जनजागरण टोल ।<br>(ङ) वयर कट्टी टोल र रामनगर टोल ।<br>(च) आमीवजार क्षेत्र हरियाली टोल । |
| ८ | (क)पूर्वपश्चिम लोकमार्गले छुने उत्तर दक्षिणको २०० मी. भित्रको क्षेत्र । | (क) लोकमार्ग सँग जोडिने मापदण्ड पुरा भएका पक्की र स्तउन्नत सडकमा | (क) बजार क्षेत्र र बजार उन्मुख क्षेत्र बाहेक को सबै क्षेत्र |

| | | | |
|---|---|---|---|
| | (ख) बाँसगढि चोक देखि दक्षिण गैरे मादल सम्मको क्षेत्र ।<br>(ग) रामापुर चोक देखि उत्तर मेजर रोड सम्म । | मोहडा पर्ने घरहरु । | ग्रामीण क्षेत्र । |
| ९ | (क) पूर्वपश्चिम लोक मार्गको उत्तर दक्षिण करीव २०० मी. क्षेत्र भित्रको क्षेत्र । | (क) लोकमार्ग सँग जोडिने कालोपत्रे र स्तरउन्नत सडकमा मोहडा पर्ने घरहरु । | (क) बजार क्षेत्र र बजार उन्मुख क्षेत्र बाहेक को सबै क्षेत्र ग्रामीण क्षेत्र । |
| १० | (क) सालझण्डी बजार क्षेत्र, पूर्वमा पहिला खोला, पश्चिम कंचन खोला, उत्तर टावर र दक्षिण को वडा नं. १० को बाँकीभाग । | (क) ढोरपाटन रोड फुलबारी सम्म ।<br>(ख) झिमझिमे बजार क्षेत्र ।<br>(ग) सितलापुर सवै क्षेत्र । | (क) बजार क्षेत्र र बजार उन्मुख क्षेत्र बाहेक को सबै क्षेत्र ग्रामीण क्षेत्र । |
| ११ | (क) पिपल डाँडा चोक देखि पहिला खोला पुल सम्म दायाँवायाँ करीव २०० मी. सम्मको क्षेत्र ।<br>(ख) वनकट्टी गाँउमा गणेश काफ्लेको घर सम्म ।<br>(ग) कंचनपुल देखि वडा नं. ११ को वडा कार्यालय सम्म । | (क) बजार उन्मुख क्षेत्रनभएको । | (क) बजार क्षेत्र र बजार उन्मुख क्षेत्र बाहेक को सबै क्षेत्र ग्रामीण क्षेत्र । |

प्रमाणिकरण मिति : २०७५ भदौ १७ गते

आज्ञाले
(कृष्ण प्रसाद भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत